

## नयाँ वर्ष, नयाँ उमङ्ग र हाम्रा संस्कार

✍ सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

२



**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**



दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९





जि.प्र.का.झापा द.नं.६९ ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

# पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com



**आमा डेन्टल केयर प्रा. लि.**

दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बर: 023-577816





हाम्रा उपलब्ध डाक्टरहरु

१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)
४ डा. साहिद अलि (MDS- Maxillofacial Surgeon)

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलव्ध छ।



❑ वर्ष-२१ ❑ अंक - १११ ❑ २०८३ वैशाख ०८ गते मंगलबार ❑ Tuesday, 21 April 2026 ❑ मूल्य ७ /-


## अब १५ दिनमै तलब

**दमक/** सरकारले कर्मचारीलाई पाक्षिक रुपमा तलब दिने भएको छ । अर्थमन्त्री डा.स्वर्णीम वाग्लेको मन्त्रीस्तरीय निर्णयबाट यो व्यवस्था लागू गर्ने काम अघि बढेको हो । वैशाख ४ गते अर्थ मन्त्रालयले निर्णय कार्यान्वयनको प्रक्रियाका लागि महालेखा नियन्त्रक कार्यालय (मलेनिका) लाई पत्राचार गरिसकेको छ ।

सो पत्रअनुसार राष्ट्रसेवकको तलब अर्धमासिक गर्नका लागि आवश्यक व्यवस्था मिलाउन भनिएको छ । 'राष्ट्रसेवक कर्मचारीको तलबभत्ता सुविधा वितरणको कार्य महिना भुक्तानभएपछि मासिक रूपमा गर्दै आएकोमा अब यसलाई अर्धमासिक रूपमा भुक्तान गर्न सुरू गरिँदैछ', अर्थ मन्त्रालयका सहसचिव डा.सुमन दाहालको हस्ताक्षर रहेको पत्रमा भनिएको छ । अर्धमासिक रूपमा तलब वितरण गर्न आवश्यक व्यवस्था मिलाउन मन्त्रालयले मलेनिकालाई भनेको छ ।

## ओह्रालो लाग्यो सुन

**दमक/** अन्तर्राष्ट्रिय बजारमा बहुमूल्य धातु सुनको मूल्य घटेको छ। डलर सूचक बलियो हुनु र अमेरिका-इरानबिचको बढ्दो तनावका कारण सुन बजारमा दबाब देखिएको विश्लेषण गरिएको छ।

डलर सूचकाङ्क बलियो हुँदा अन्य मुद्रामा किन्ने लगानीकर्ताका लागि सुन महँगो पर्न जान्छ, जसले माग घटाउँछ। स्टेट अफ होर्मुज फेरि बन्द भएर विश्व बजारमा कच्चा तेलको भाउ उकालो लागेपछि महँगी बढ्ने चिन्ता बल्झिँदा कमाडिटी बजारमा यसको प्रभाव देखिएको हो । न्यु योर्क मर्कन्टाइल एक्सचेन्जको कोमेक्स डिभिजनमा स्पट गोल्ड करिब शून्य दशमलव ७ प्रतिशतले घटेर प्रतिऔंस ४ हजार ७९३ डलर ९८ सेन्टमा पुगेको छ, जुन अप्रिल १३ यताकै सबैभन्दा न्यून हो। उता, अमेरिकी फ्युचर्स बजारमा जुन डेलिभरीको सुनको मूल्य १ दशमलव ४ प्रतिशतले घटेको छ।

साथै, अमेरिकी १० वर्षे ट्रेजरी बन्डको ब्याजदर पनि बढेको छ। यसले पनि ब्याज नदिने सुन जस्ता सम्पत्ति प्रति आकर्षण घटाउँछ। अमेरिका-इरान बिचको युद्धविराम पछि आज सुनको घटेको टेस्टि लाइभका ग्लोबल

बाँकी ४ पेजमा ▸▸

## प्रशोधन गरियो सुन

**ताप्लेजुङ/** ताप्लेजुङस्थित प्रसिद्ध धार्मिकस्थल पाथीभरामा दर्शनार्थीले भेटी चढाएको सुन तथा चाँदी प्रशोधन गरिएको छ।

करिब दुई वर्षको अवधिमा संकलन भएका सुन तथा चाँदी पाथीभरा क्षेत्र विकास समितिले प्रशोधन गरेको हो। प्रशोधन गर्दा ५० तोला सुन निस्केको जनाइएको छ।

समितिका जिन्सी शाखा प्रमुख इन्द्र पौडेलका अनुसार २०८० पुस २५ देखि २०८२ फागुन २५ गतेसम्म मन्दिरमा चढाइएका सुनचाँदी सङ्कलन गरी प्रशोधन गरिएको छ। पाथीभरा सुनचाँदी कला व्यवसायी सङ्घको प्राविधिक सहयोगमा प्रशोधन गरिएको पौडेलले बताए। पाथीभराको

बाँकी ४ पेजमा ▸▸

### कोभिडको नाममा स्थापित अस्पताल

# सेवाभन्दा राजनीति थलोमा विकसित

✍ पूर्वसन्देश समाचार

**बिराटनगर/** सरकारले पटक पटक नाम र प्रयोजन फेरे पनि बिराटनगर स्थित शैलजा आचार्य कोशी अस्पताल पूर्ण सञ्चालनमा आउन सकेको छैन । कोभिडको समयमा कोसी कोभिड अस्पतालको नाममा कोसी प्रदेश सरकारले स्थापना गरेको यो केन्द्र हरेक सरकार आएपिच्छे फरक फरक नाम राख्ने र राजनीति गर्ने थलो बनेको सेवाग्राहीको गुनासो छ। प्रदेश सरकार आफैँले निर्माण गरेको यो अस्पताल अहिले शैलजा आचार्य हृदय रोग केन्द्रको रूपमा केदार कार्की मुख्यमन्त्री हुँदा नाम परिवर्तन गरेर सञ्चालनमा थियो । त्यसअघि यो अस्पताललाई नसर्ने रोग उपचार केन्द्र, त्यस भन्दा अघि सरुवा रोगको नामले समेत सञ्चालन गरिएको थियो। विगतमा कोभिड अस्पताल र पछि सरुवा रोग नियन्त्रण केन्द्रका रूपमा प्रयोग हुँदै आएको यो संरचनालाई हाल शैलाजा आचार्य प्रादेशिक अस्पताल एवं हृदय रोग केन्द्र नामकरण गरिएको छ। हृदय रोग केन्द्र मात्रै सञ्चालन गर्दा प्राविधिक समस्या आउने भएपछि प्रदेश सरकारले यसलाई 'जनरल' अस्पतालका रूपमा विकास गर्दै म्याटरनिटी (प्रसूति) र हेमोडायालाइसिस सेवा थप गर्ने तयारी गरेको छ।

कोसी अस्पतालमा रहेको प्रसूति सेवाको चापलाई कम गर्न तथा नागरिकले सहज पाउनु पर्ने सेवालाई छिटो गर्नका लागि बिगतमा यस अस्पताललाई महिला तथा प्रसूति स्वास्थ्यको विशिष्टीकृत अस्पतालको रूपमा विकास गर्ने गरी एक मुष्ट बजेट विनियोजन भएको थियो। तर महिला तथा प्रसूति स्वास्थ्यको केन्द्र बनाउने सरकारी लक्ष्य कर्मचारीतन्त्रको उदासीनता र प्रशासनिक अलमलका परेको छ। निजी अस्पतालहरूले डेलिभरीका क्रममा गर्ने अनावश्यक शल्यक्रिया र आर्थिक शोषणबाट सर्वसाधारणलाई जोगाउन अघि सारिएको यो अवधारणा अहिले स्वास्थ्य मन्त्रालयको कर्मचारीको कारण फाइल अगाडि बढ्न सकेको छैन।

बाँकी ४ पेजमा ▸▸

### भवन स्वामित्वको विवाद

अस्पताल सञ्चालन भइरहेको भवन खाद्य संस्थानको स्वामित्वमा छ । कोभिड अस्पताल सञ्चालनको लागि संस्थानको गोदामलाई प्रयोगमा ल्याउनको लागि संघीय सरकारसँग समन्वय गरेर गोदाम घरलाई अस्पतालको रुप दिइएको थियो । पछिल्लो समय संस्थानले भवन खाली गर्न पत्र पठाएको छ ।

अहिले औजार र उपकरण सहित अस्पताल नियमित सञ्चालन भइरहेकोले खाली गर्न सक्ने अवस्था छैन। तापनि प्रदेश सरकारले सो भवन भाडामा लिने वा भोगाधिकार प्राप्त गर्ने विषयमा छलफल गरिरहेको सचिव घिमिरे बताउँछन् । यस सम्बन्धमा मुख्यमन्त्री कार्यालय, स्वास्थ्य मन्त्रालय र खाद्य संस्थानबीच तत्काल बैठक बसेर यसको निर्णय लिनुपर्नेमा त्यो समेत हुन सकेको छैन ।

# विद्यार्थी र कर्मचारी संगठन हटाउन निर्देशन

**काठमाडौं/** प्रधानमन्त्री बालेन्द्र शाहले विश्वविद्यालय र स्वास्थ्य शैक्षिक संस्थाहरूमा रहेका दलीय विद्यार्थी तथा कर्मचारी संगठनका संरचनाहरू तत्काल हटाउने निर्णय कुनै पनि हालतमा कार्यान्वयन गर्न उपकुलपतिहरूलाई निर्देशन दिएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार देशभरका विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिहरूसँग भएको साढे ३ घण्टा लामो छलफलका क्रममा उनले यस्तो निर्देशन दिएका हुन् ।

प्रधानमन्त्री शाहले शैक्षिक संस्थाहरूमा कुनै पनि बहानामा राजनीति गर्न नहुने अडान लिँदै दलीय संगठनका संरचना हटाउन कुनै पनि ऐन बाधक नहुने स्पष्ट पारे । अस्पताल, क्याम्पस र विद्यालयजस्ता पवित्र ठाउँमा कुनै पनि दलको झण्डा, प्रभाव वा संगठन राख्न नदिइने बताउँदै राजनीति नै गर्ने भए पेसागत जिम्मेवारीबाट अलग भएर पूर्ण रूपमा राजनीतिमा लाग्न सुझाव दिए ।

छलफलका क्रममा नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा.डा.धनेश्वर नेपालले विद्यार्थी संगठनहरू हटाउन खोज्दा उल्टै धम्की र आक्रमण खेप्नुपरेको भन्दै असुरक्षाको गुनासो गरेका थिए । जवाफमा प्रधानमन्त्री शाहले राजनीतिक संगठनका संरचना हटाउदा सुरक्षाको कुनै पनि समस्या आएमा तुरुन्तै सम्बन्धित मन्त्रालय वा आफ्नो सचिवालयमा खबर गर्न निर्देशन दिए । प्रधानमन्त्री शाहले सुरक्षा संयन्त्रलगायत आवश्यक पर्ने सबै सहयोग उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको र प्रहरी प्रशासनले आफ्नो कर्तव्य

बाँकी ४ पेजमा ▸▸

## कांग्रेसद्वारा गृहमन्त्री माथि छानविनको माग

**काठमाडौं/** नेपाली कांग्रेसले गृहमन्त्री सुधन गुरुङको सम्पत्ति शुद्धीकरण मुद्दामा पक्राउ परेका विवादास्पद व्यवसायी दीपक भट्टसम्बद्ध कम्पनीमा साझेदारी भेटिएपछि छानबिनको माग गरेको छ ।

प्रवक्ता देवराज चालिसेले विज्ञप्ति जारी गरि गृहमन्त्रीसँग सम्बन्धित पछिल्लो प्रकरणले राजनीतिक नैतिकता र पारदर्शितासँग जोडिएको गम्भीर प्रश्न उठाएको बताएका छन् । विज्ञप्तिमा भनिएको छ, 'यस्तो अवस्थामा सम्बन्धित पदमा रहँदै अनुसन्धान प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पर्ने आशंका उत्पन्न हुनु स्वाभाविक हो । त्यसैले अनुसन्धानलाई स्वतन्त्र, निष्पक्ष र प्रभावरहित बनाउन आवश्यक वातावरण सुनिश्चित गरिनुपर्छ भन्ने हाम्रो स्पष्ट धारणा छ। अतः नेपाली कांग्रेस सरकारसमक्ष स्पष्ट माग गर्दछ गृहमन्त्रीसँग सम्बन्धित सम्पूर्ण आरोपहरुको स्वतन्त्र, निष्पक्ष र उच्चस्तरीय छानबिन प्रक्रिया तुरून्त प्रारम्भ गरियोस् ।'

यो विषयलाई ढिलासुस्ती, प्रभाव वा ढाकछोपतर्फ लैजाने कुनै पनि प्रयासले सुशासन, नैतिकता र जनविश्वासमाथि गम्भीर आघात पुऱ्याउने उल्लेख छ । कांग्रेसले कांग्रेस केन्द्रीय

बाँकी ४ पेजमा ▸▸

# राजनीतिक विषय बन्दै 'सय रुपैयाँ'

**दमक/** सरकारले एक सय रूपैयाँ भन्दा बढिको समान आयात गर्दा अनिवार्य भन्सार महसुल तिर्नु पर्ने व्यवस्था गरेसँगै यो विषय राजनीतिक एजेण्डा बन्ने दिशा तर्फ अघि बढेको छ ।

यो विषयलाई पुनर्विचार गर्न सरकारलाई दवाव दिने क्रम शुरू भएको छ । यसै क्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरूले सरकारको यो निर्णयले सीमावर्ती क्षेत्रका सर्वसाधारणले सास्ती खेप्नुपरेको भन्दै असन्तुष्टि जनाएका छन् । सरकारको यो कदमको विरोध गर्दै गृहमन्त्री सुधन गुरुङकहाँ पुगेर मधेशबाट निर्वाचित रास्वपाका केही सांसदले यसमा पुनर्विचार गर्न माग गरेका छन् । रास्वपा मधेश प्रदेश सभापति एवं सिरहा ४ का सांसद तपेश्वर यादवले सीमानाका तत्काल सहज बनाउन माग गरेको बताए ।

यस्तै, सिरहा २ का सांसद शिवशंकर यादवले पनि सीमामा नागरिकले पाएको सास्तीका विषयमा गृहमन्त्रीसँग गुनासो गरेका छन् । मधेशमा प्रहरी प्रशासनकै मिलेमतोमा संगठित ढंगले तस्करी हुँदै आएको र सरकारले त्यसलाई रोक्न गरेको प्रयास राम्रो भए पनि सबैका हकमा एउटै व्यवस्था गर्दा सर्वसाधारण नागरिक समस्यामा परेको बताए । सरकारको यो निर्णयविरूद्ध मधेशका युवाहरूको एक समूहले काठमाडौंस्थित माइतीघरमा प्रदर्शन पनि गरेको छ । भारतीय सीमा क्षेत्रबाट नेपालमा १०० रूपैयाँभन्दा बढीको सामान ल्याउँदा भन्सार (कर) लाग्ने र सुरक्षाकर्मीबाट हुने धरपकडको विषय सरकार संचालन गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टीको सचिवालय बैठकमा पनि उठेको छ । रास्वपाका सचिवालय सदस्य तथा सांसद दीपक बोहराले सीमाक्षेत्रका स्थानीयले भारतबाट १०० रूपैयाँभन्दा

बाँकी ४ पेजमा ▸▸

## चन्दलाई 'बशुन्धराश्री'

**दमक/** वसुन्धरा-मान प्रज्ञा-प्रतिष्ठानले यस वर्षको वसुन्धराश्री पुरस्कार वरिष्ठ साहित्यकार एवं पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई प्रदान गर्ने भएको छ।



प्रतिष्ठानका कुलपति डा. दुबसु क्षेत्रीका अध्यक्षतामा आइतबार बसेको बैठकले चन्दलाई पुरस्कृत गर्ने निर्णय गरेको हो। उत्कृष्ट आधुनिक कथा, नाटक र निबन्धको सिर्जनाद्वारा नेपाली साहित्यलाई सार्थक, समृद्ध र समुन्नत बनाई नेपाली वाङ्मयलाई वैभवशाली तथा गरिमामय बनाउन विशिष्ट योगदान पुऱ्याएकाले चन्दलाई पुरस्कृत गर्ने निर्णय भएको प्रतिष्ठानले जनाएको छ। विश्व समुदायमा नेपाली भाषा र साहित्यको स्थान तथा पहिचान उच्च र अक्षुण्ण राख्न योगदान दिएकाले वरिष्ठ साहित्यकार चन्दलाई पुरस्कार प्रदान गर्ने

बाँकी ४ पेजमा ▸▸

## कुटपिट गरेको आरोपमा दुई पक्राउ

**दमक/** एक व्यक्तिमाथि कुटपिट गरेको आरोपमा प्रहरीले सोमबार दिउँसो दमकबाट दुई जनालाई नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरीका अनुसार दमक-१ हबल्दार चोक निवासी ४३ वर्षीय बिरेन्द्र बस्नेतलाई कामको बहानामा बोलाएर कुटपिट गरेको आरोपमा उनीहरूलाई अनुसन्धानका लागि नियन्त्रणमा लिइएको हो । बस्नेत नेपाली कम्यूनिष्ट पार्टीका केन्द्रीय सदस्य हुन् । पक्राउ पर्नेमा दमक-९ का ५५ वर्षीय शिव साह, कमल गाउँपालिका-४ का ५० वर्षीय दुरेन राई रहेका छन् ।

प्रहरीका अनुसार बस्नेतलाई दमक-५ स्थित गोर्खा डिपार्टमेन्टको किचनमा बोलाइएको थियो। त्यहाँ पुगेपछि साह, राईसहितका चार जनाले अश्लील शब्द प्रयोग गर्दै गालीगलौज गरी कुटपिट गरेका बताइएको छ । घटनामा संलग्न व्यक्तिहरु फरार रहेका छन् र उनीहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ । कुटपिटबाट बस्नेतको कान, मुख र घाँटीमा सामान्य चोट लागेको छ । घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

## भूमिसुधार तथा मालपोतमा टोकन प्रणाली

**झापा/** भद्रपुरस्थित भूमिसुधार तथा मालपोत कार्यालयले सेवा प्रवाहलाई व्यवस्थित, छरितो र पारदर्शी बनाउन टोकन प्रणाली लागू गरेको छ। अनधिकृत व्यक्तिको प्रवेशमा कडाइ गर्दै सेवाग्राहीमैत्री सेवा सुदृढ गर्ने उद्देश्यले आजदेखि उक्त प्रणाली कार्यान्वयनमा ल्याइएको कार्यालयले जनाएको छ।

कार्यालयका सूचना अधिकारी मोहन सिंह दर्जीका अनुसार सेवाग्राहीले भोग्दै आएको भीडभाड तथा लामो समयसम्म पर्खिनुपर्ने समस्यालाई न्यूनीकरण गर्न टोकन प्रणाली लागू गरिएको हो। जनशक्ति, क्षमता र संरचनालाई ध्यानमा राखी दैनिक सेवा व्यवस्थापन गरिने उनले जानकारी दिए।

उनका अनुसार ६ वटा मोठ फाँटबाट प्रत्येकमा २५ वटा टोकन वितरण गरिनेछ। यसअनुसार दैनिक करिब १५० वटा लिखत पारित तथा निर्णयसम्बन्धी कार्य टोकन प्रणालीमार्फत सञ्चालन हुनेछन् । टोकन बिहान ९ बजे दर्ता-चलानी शाखा र नागरिक सहायता कक्षबाट वितरण गरिनेछ। सेवा लिन आउने सेवाग्राहीले आवश्यक कागजातसहित स्वयं उपस्थित हुनुपर्ने व्यवस्था गरिएको छ। सेवा प्रवाहको क्षमता विस्तारसँगै आगामी दिनमा टोकन संख्या बढाउने योजना रहेको कार्यालयले जनाएको छ।

## काँकडभिट्टा र पशुपतिनगर नाका ७२ घण्टा बन्द

**झापा/**भारतको पश्चिम बंगालमा हुने विधानसभा निर्वाचनलाई ध्यानमा राख्दै झापा र इलामका प्रमुख सीमा नाका अस्थायी रुपमा बन्द गरिने भएको छ । काँकडभिट्टा र पशुपतिनगर नाका सोमबार साँझ ६ बजेदेखि ७२ घण्टाका लागि पूर्ण रुपमा बन्द हुने भएका हुन्। भारतको जिल्ला प्रशासन कार्यालय दार्जिलिङले जारी गरेको सूचनाअनुसार अप्रिल २० तारिख साँझ ६ बजेदेखि अप्रिल २३ तारिख राति १२ बजेसम्म सीमा क्षेत्र सिल गरिनेछ। यस अवधिमा पैदल यात्रु तथा सवारीसाधनको आवतजावत पूर्ण रुपमा रोकिनेछ।

अत्यावश्यक सेवामा भने सहजीकरण गरिने भारतीय प्रशासनले जनाएको छ। बिरामीलाई आवश्यक कागजात र परिचयपत्रका आधारमा आवतजावतको अनुमति दिइनेछ। साथै विदेशी पर्यटक र सड्ने प्रकृतिका खाद्यान्न बोकेका सवारीसाधनलाई विशेष अनुमति दिइने जनाइएको छ ।

झापाको भद्रपुर-गलगलिया नाका खुला रहने भएपनि त्यहाँ भार ततर्फ प्रवेश गर्दा कडाइ गरिनेछ। निर्वाचनका लागि पश्चिम बंगालका १६ जिल्लामा मतदान हुँदैछ । करिब ३ करोड ६० लाख मतदाताले मतदान गर्ने बताइएको छ । सुरक्षा व्यवस्थाका लागि भारतले व्यापक सुरक्षा बल परिचालन गरेको जनाएको छ ।


**दमक नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, दमक-झापाको

**सार्वजनिक सुनूवाई सम्बन्धी सूचना**

मिति: २०८३।०१।०७

दमक नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ मा भए गरेका काम, कारवाही, सेवा प्रवाह लगायतका विषयमा तपसिलको मिति, स्थान र समयमा सार्वजनिक सुनूवाई कार्यक्रम आयोजना गरिएको हुँदा उक्त कार्यक्रममा उपस्थिति भइदिनुहुन सम्पुर्ण राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, जनप्रतिनिधिहरु, सार्वजनिक सेवा प्रवाह गर्ने सवै कार्यलयका प्रमुख तथा प्रतिनिधिहरु, गैरसरकारी संघसस्था, टोल विकास संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, उपभोक्ता समिति, स्थानीय बुद्धिजीबीहरु, स्थानीय सुरक्षा निकाय, नागरिक समाज, पत्रकार तथा सम्पुर्ण नगरवासी र सरोकारवालाहरु सम्बन्धित सबैमा दमक नगरपालिका हार्दिक अनुरोध गर्दछ।

**सार्वजनिक सुनूवाई हुने मिति, स्थान र समय**

- मिति: २०८३/०१/११ गते शुक्रवार
- स्थान: दमक नगरपालिकाको प्राङ्गण
- समय: बिहान ११ बजे

# सम्पादकीय

## बालबालिकामा पठन संस्कृति जरुरी

आजको डिजिटल युगमा मोबाइल, टिभी र इन्टरनेट बालबालिकाका लागि आवश्यक साधन भए पनि यसको अत्यधिक प्रयोगले गम्भीर समस्या सिर्जना गरिरहेको छ । धेरै बालबालिका दिनको अधिकांश समय स्क्रिनमा बिताउन थालेका छन्, जसले उनीहरुको शारीरिक, मानसिक र बौद्धिक विकासमा नकारात्मक प्रभाव पारिरहेको छ । यही कारणले संसार का विभिन्न देशहरुले बालबालिकामा ग्याजेट प्रयोगलाई नियन्त्रण गर्ने नीति अपनाउन थालेका छन् । यस्तो अवस्थामा ग्याजेटको लतबाट मुक्त गराउन पठन संस्कृतिको विकास अत्यन्त आवश्यक देखिन्छ ।

पढ्ने बानीको विकास भन्नाले केवल पाठ्यक्रममा सीमित किताब मात्र होइन, कथा, कविता, चित्रकथा, गीत तथा बालमैत्री सामग्री समेटिएका पुस्तकहरुमा रूचि जगाउनु हो । जब बालबालिकाले आफ्नै रूचिका विषयवस्तु भेट्छन्, उनीहरु स्वाभाविक रुपमा पढाइतर्फ आकर्षित हुन्छन् । अहिले त झन नेपाल भरिका धेरै जसो विद्यालयहरू लागेका छैनन् । लामो विदामा रहेका छन, विद्यार्थी र बालबालिका । झनै यस्तो विशेषगर ी लामो विद्यालय विदाको समयमा बालबालिकाहरु घरमै सीमित हुने हुँदा उनीहरुलाई रचनात्मक गतिविधिमा संलग्न गराउनु झन् आवश्यक हुन्छ । अन्यथा, उनीहरु सजिलै मोबाइल र टिभीमा निर्भर बन्न सक्छन् ।

यसमा अभिभावकको भूमिका सबैभन्दा महत्वपूर्ण हुन्छ । बालबालिकाले प्रायः अभिभावककै बानी, रूचि र ब्यवहारबाट सिक्ने भएकाले अभिभावक स्वयंले पढ्ने बानी विकास गर्नुपर्छ । जब घरमा अभिभावकले नियमित रुपमा पुस्तक पढ्ने वातावरण बनाउँछन्, बालबालिकामा पनि त्यसको सकारात्मक प्रभाव पर्छ । अभिभावकले आफ्ना सन्तानलाई उनीहरुको रूचिअनुसारका पुस्तकहरु उपलब्ध गराउने, सँगै बसेर पढ्ने वा पढेर सुनाउने गर्नुपर्छ । यसले बालबालिकाको ध्यान केन्ि्त गराउन र उनीहरुको जिज्ञासा बढाउन सहयोग पुऱ्याउँछ। बीच-बीचमा प्रश्न सोधेर उनीहरुको बुझाइ परीक्षण गर्नु पनि प्रभावकारी उपाय हो ।

अर्कोतर्फ, पठन संस्कृतिको विकास केवल विद्यालयको जिम्मेवारी मात्र होइन, यो प्रत्येक घरबाट सुरू हुनुपर्ने अभियान हो। घरमै सानो पुस्तकालय बनाउने, नियमित पढ्ने समय निर्धारण गर्ने, र ग्याजेट प्रयोगको समय सीमित गर्ने जस्ता उपायहरु अपनाउन सकिन्छ । यसले बालबालिकालाई अनुशासित बनाउनुका साथै उनीहरुको सिर्जनशीलता र सोच्ने क्षमतालाई पनि विस्तार गर्छ । अतः ग्याजेटको लतबाट बालबालिकालाई जोगाउने सबैभन्दा प्रभावकारी उपाय भनेको पठन संस्कृतिको विकास नै हो । जब प्रत्येक घरमा पढ्ने वातावरण निर्माण हुन्छ, तब मात्र समग्र समाजमा बालबालिकालाई सकारात्मक दिशातर्फ अग्रसर गराउन सकिन्छ ।

## अक्षय तृतीयाको महत्व




सोमबार वैशाख शुक्ल तृतीया अर्थात् अक्षय तृतीया । जौको सातु र सर्वत खाएर तथा खुवाएर मनाईएको छ । उष्ण गर्मीको समयमा शीतलता प्रदान गर्ने आहारको रूपमा जौको सातु र सर्वत पानी खाएर अक्षय तृतीया मनाउने गरिन्छ । पञ्चाङ्ग निर्णायक समितिका अनुसार वैशाख शुक्ल तृतीयाकै दिनदेखि त्रेता युग सुरू भएको हो । यही दिन ८ चिरञ्जीवीमध्ये एक परशुराम अवतारको जन्म भयो । त्यसैले यस दिनलाई परशुराम जयन्तीको रूपमा पनि मनाइन्छ । यही दिन शिव-पार्वतीको विवाह पनि भएको थियो । त्यसैले यस दिन गरेको स्नान, दान र शुभ कर्मलाई विशेष महत्वका साथ हेर्ने गरिन्छ ।

ज्योतिषशास्त्रका अनुसार अक्षय तृतीयका दिन सूर्य तथा चन्ᆰ मा आ ̂ना उच्च राशिमा रहन्छन् । यसकारण यो दिन पञ्चाङ्ग नहेरी पनि शुभकार्य गर्न सकिन्छ । शास्त्रका अनुसार यो दिन स्वयंसिद्ध मुहूर्त हो । विवाह, गृहप्रवेश, पदभार ग्रहण, सुन खरीद, नयाँ सामान खरीद, सवारी साधन खरीद, भूमि पूजा तथा नयाँ व्यापारका लागि यस दिन अति उत्तम हुने विश्वास गरिन्छ ।

अक्षय तृतीयका दिन गरिएको दान एवं धर्मबाट अक्षय अर्थात् कहिल्यै नाश नहुने फल वा पुण्य प्राप्त हुने विश्वास छ । यसकारण यो तिथिलाई धानधर्मका लागि अचुक काल मानिएको छ । शास्त्रअनुसार वैशाख महिनालाई विष्णुको महिना पनि मानिन्छ र यो महिना विष्णु भक्तिका लागि शुभ हुन्छ । ✦

# नयाँ वर्ष, नयाँ उमङ्ग र हाम्रा संस्कार



✍ सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

नेपालमा केहि दिन अघिनै नयाँ वर्ष शुरु भई सकेको छ । नयाँ वर्षको उल्लास उमङ्ग र नयाँ उत्साहमा देशका बाल वृद्ध युवा महिला पुरुष सबैले देशको उन्नति प्रगतिको मङ्गलकामना गर्दै आफ्नो जीवनमा समृद्धि सफलता र शान्ति छाओस्, भन्ने मङ्गलकामना गरिरहेका छन्। नयाँ वर्ष मनाउन स्कुल र क्याम्पस पढ्ने विद्यार्थीहरू विभिन्न किसिमबाट कार्यक्रमहरूको तयारी गरिरहेका छन्। मानिस हरू टाढा टाढाका ठाउँमा घुम्न नजाने व्यक्ति तथा परिवारहरुले आफ्नो घरबस्ती नजिकैको पर्यटनस्थलहरूमा गएर रमाइलो गर्ने र खुसियाली साटासाट गर्ने धुनमा लागेका छन् ।

आजदेखि ठ्याक्कै २०८३ वर्ष पूर्व भारतवर्षमा हिन्दु पञ्चाङ्ग अनुसार नयाँ वर्ष मनाउने प्रचलनको सुरुवात भारतवर्षका चक्रवर्ती सम्राट विक्रमादित्यबाट प्रारम्भ गरिएको थियो। राजा विक्रमादित्यले राज्यरोहण गरेको तिथिदेखि नयाँ वर्षको सुरुवात मानिएको हुनाले र सनातन धर्मका पञ्चाङ्ग निर्णायक ज्योतिष विज्ञानहरुले निर्धारण गरेको मापदण्ड अनुसार सबै चाडपर्वहरू ,तिथि हरू, शुभ साईतहरु यसै क्यालेन्डर अनुसार निर्धारण हुने गर्दछ । नेपालमा प्राचीनकालदेखि नै विभिन्न किसिमका राजवंशहरूले शासन सत्ता सञ्चालन गर्ने अवसर प्राप्त गरे पनि मिथिला विदेहको शासनकाल, लिच्छवी शासनकाल, मल्ल शासनकाल, पृथ्वीनारायण शाह र राणा शासनकाल हुँदै शाहवंशको सयौं वर्ष सम्म टिकेको राजतन्त्र प्रणाली अन्तर्गत तथा गणतन्त्र पश्चात् पनि हिन्दु क्यालेन्डरलाई नै परम्परागत रुपमा स्थापित गरिएको हुनाले यो अध्यावधिक रूपमा निरन्तर चलिरहेको छ। विक्रम सम्वत क्यालेन्डर अनुसार नै सरकारी कामकाजमा पनि प्रयोग गर्ने गरिएको छ ।

नेपाल प्राचीनकालदेखि नै हिन्दू बहुल राष्ट्रको रूपमा स्थापित रहेकोले हिन्दू संस्कृतिको पहिचान र गौरवलाई यसै संवतबाट पनि बुझ्न सकिन्छ। हिन्दू क्यालेन्डरमा चैत्र शुक्ल प्रतिपदादेखि नयाँ वर्षको सुरुवात भएको मान्ने परम्परा रहेको छ, भने नेपालमा प्रत्येक वर्ष वैशाख १ गतेका दिन नयाँ वर्ष मनाउने गरिएकोले वैशाख १ गतेदेखि नयाँ वर्ष मनाउने परम्पराहरूको निर्वाह धेरै नै अगाडिदेखि हुँदै आएको पाइन्छ। वैशाख १ गतेका दिन नेपालको मधेश प्रदेशमा पर्ने सिराहाको लहान बजार नजिकको ठाउँ जसलाई स्थानीय भाषामा सलहेस फुलबारी भन्ने गरिन्छ त्यहाँ पौराणिक कालका राजा सलहेशको नाउँमा ठूलो मेला लाग्ने गरेको छ। यस मेलामा नेपाल र भारततिरका हजारौं श्रद्धालुहरु मेला भर्न आउँछन् र ऐतिहासिक वीर पुरुष सलहेसको दर्शन र स्मरण गर्दछन् ।

राजा सलहेश र मालिनी बीच बसेको अगाध प्रेम र माया लाई सम्झन तथा वैशाख १ गतेका दिन मात्र फुल्ने एउटा विशेष किसिमको प्रेमको प्रतीक मानिएको हारामको फुलेको सेतो रङको फूलको दर्शन र पूजा गर्दछन्। राजा सलहेस मुख्य रूपमा भारतको बिहारतिर र नेपालको मधेश तराईमा बसोबास गर्ने दुसाध अर्थात् पासवान जातिका दलित वर्गका जननायक र लोकनायक थिए जो आफ्नो पुरुषार्थको बलमा सिराहाको महीशोथा भन्ने ठाउँमा आफ्नो ठूलो राज्यको राजधानी खडा गरेका थिए र भनिन्छ उनले किरातका राज्यहरूसँग मित्रता सम्बन्ध गाँसेर किरात राजालाई सघाउन सिक्किम भुटान र तिब्बतका राजाहरूसँग ठूलो युद्ध गरेर किरात क्षेत्रलाई उनीहरूको कब्जामा जानबाट रोकेका थिए र किरातलाई मुक्त पारेर नेपालमा गाभ्न सफल भएका थिए। नयाँ वर्ष नयाँ संवत्सर यस अर्थमा इतिहासका गौरवशाली क्षणहरुलाई सम्झिने दिनको रुपमा पनि मनाइने गरिन्छ ।

विश्वमा सबै जातजाति धर्म संस्कृति र राष्ट्रियता लाई प्रतिबिम्बित पार्नेगरी आआफ्नो मूल्यमान्यता परम्परा र रितिथिति अनुसार नयाँ वर्ष मनाउने चलन रहेको छ। मैथिली संस्कृति र थारु संस्कृतिमा हरेक वर्ष वैशाख १ गते र २ गतेका दिन नयाँ वर्ष मनाउने परम्परा रहँदै आएको छ। थारु संस्कृतिमा यस पर्वलाई सिरुवा पर्व भनिन्छ भने मैथिली संस्कृतिमा यस पर्वलाई जुड शीतल नामबाट पनि बुझ्ने गरिन्छ। जुड शीतल मनाउँदा जुड शीतलको पहिलो दिन अर्थात् वैशाख १ गतेका दिन टटका पवनी अर्थात् पर्व मनाइन्छ। वैशाख १ गते का दिनलाई सतुआइनको नामले पनि चिनिन्छ। वैशाख १ गतेका दिन हरेक मैथिली परिवारमा संस्कृति र परम्पराअनुसार बिहानै स्नान पूजा गरेर बेलफल र सातु खाने चलन रहेको छ। सातु खाएपछि शरीरको पाचन प्रणाली दुरुस्त हुन्छ भने बेल फलको प्रयोगबाट मानिसहरूको शरीरमा इम्युनिटी भर्ने र शरीरको मांसपेशी तन्त्र बलियो हुने गर्दछ ।

वैशाख १ गतेपछि बसन्त ऋतु समाप्त भएर ग्रीष्म ऋतु प्रारम्भ हुने गर्दछ। गर्मी महिनामा मधेश तराईतिरको जलवायु परिवर्तन भएर अत्याधिक घाम लाग्ने हुन्छ र धरती तातिने गर्दछ । यस्तो बेलामा अत्याधिक तातो हावा चल्ने गर्दछ जुन कारणले गर्दा बाहिर निस्किने बित्तिकै मानिसलाई लु लाग्ने समस्या सिर्जना हुन सक्दछ । यस्तो अवस्थामा बेलको सर्बत र सातु को जलपान गर्नाले शरीरभित्रको उष्णता समाप्त हुन्छ र जिउ तातिएर ढल्न पाउँदैन साथै शरीरमा पानीको कमी पनि हुन पाउँदैन। यस कारणले चना र जौको सातु र बेलफलको सर्वतको सेवनलाई स्वास्थ्यवर्धक तथा धार्मिक आध्यात्मिक र सांस्कृतिक चिन्तन मननको लागि पनि आवश्यक मानिएको छ। सातु र बेलफलको सर्बत खानाले मानिसहरूको मनभित्र रहेका नकारात्मक विचारहरू पनि हटेर जान्छ र शरीर भित्र सकारात्मक ऊर्जा प्रवाहित भइरहनाले मानसिक रुपमा पनि मानिस स्वस्थ र बुद्धिमान बन्न पुग्दछ त्यसैले नयाँ वर्षमा नयाँ तरिकाबाट नयाँ वर्षको सुरुवात गर्नु उचित मानिन्छ। चनाको सातु र बेलको सर्वतलाई सात्विक आहार मानिन्छ। सात्विक आहार गर्ने मानिसहरूमा रिस राग क्रोध हिंसाको भावना हुँदैन तथा आध्यात्मिक शक्ति प्रबल हुन्छ । आध्यात्मिक ओजबल र शक्तिले परिपूर्ण व्यक्ति देश राष्ट्र समाज र परिवारको लागि प्रेरणाको स्रोत बन्न पुग्दछ। सनातन हिन्दू संस्कृतिमा साधुसन्त, ऋषि योगी र गृहस्थ तथा ब्राह्मणहरूबाट प्रतिपादित हाम्रा ईश्वरीय ज्ञानहरू मानिसहरूको भौतिक सुखसंवर्धनको लागि अत्यन्त नै उत्प्रेरक मानिन्छ ।

यो प्रकृति नै परमात्माको स्वरूप हो। यसलाई हामीले संरक्षण गर्नुपर्दछ। नयाँ नयाँ संवत्सरको प्रारम्भ हुँदा हरेक व्यक्तिको अनुहारमा खुसीको उज्यालो झल्किन्छ। नयाँ वर्षको सुरुवात हुँदा हरेक परिवारको भान्सा कोठामा नयाँ चुलो स्थापना गर्ने र बाल्ने प्रचलन छ। नयाँ चुलोमा विभिन्न किसिमका भोजनका नयाँ नयाँ परिकारहरू पकाउने गरिन्छ तथा सिजन अनुसारको नयाँ सब्जी पकाइन्छ। नयाँ चामलको भात पकाइन्छ। भोलिपल्ट अर्थात् वैशाख २ गतेका दिन घर आँगन लिपपोत गरी कोठा कोठाको दैलोमा बासी भात र तरकारीहरू प्रसादको रुपमा चढाइन्छ, यस अवसरमा एकदिन अगाडि पकाइएका अन्नका परिकारहरूलाई भोलिपल्ट प्रसादको रुपमा खाने प्रचलन रहेको छ। घरका देवताहरूले पनि त्यसलाई प्रसादको रुपमा ग्रहण गरेर अन्नलाई सम्मान गर्नुपर्दछ, फ्याक्नु हुँदैन भनेर प्रसादको रुपमा ग्रहण गरेर बासी अन्नलाई सम्मान गर्ने प्रचलन अहिलेसम्म निरन्तर रुपमा चलिरहेको छ। वैशाख १ गतेका दिन नयाँ वर्ष प्रकृति पूजाको दिनको रुपमा स्मरण गर्नुपर्दछ। संसारका जैविक विविधताहरूको संरक्षण गर्नुपर्दछ। बोटबिरुवा वनस्पतिलाई माया गर्न सिक्नुपर्दछ। तथा नयाँ नयाँ कामहरूको सुरुवात गरी कृषि जीवनलाई निरन्तरता दिनुपर्दछ। पर्यावरणलाई जोगाउनु नै वैशाख १ गतेको मूल उद्देश्य हो ।

हामीले वातावरण जोगाउन सक्यौं भने मात्र हामी जोगिन सक्छौं र संसारको रक्षा हुन सक्छ। यसलाई सबैले हृदयङ्गम गर्नु जरुरी छ। सिरुवा पर्व र जुड शीतलपर्वको दोस्रो दिनमा जसलाई स्थानीय भाषामा बाइस पवनी भनिन्छ, घरका जेष्ठ सदस्यहरूले बिहानैदेखि आफूभन्दा कान्छो उमेरका आफन्तजनहरु लाई आशीर्वाद स्वरूप शिरमा चिसोपानी राखेर शुभकामना दिन्छन् तथा दीर्घायु सफलता र उच्च सफलता तथा मनोबलको लागि प्रेरणा दिन्छन् । घरपरिवारका कान्छा सदस्यहरूले आफ्ना जेष्ठ परिवारजनहरू लाई खुट्टामा ढोगेर सम्मान व्यक्त गर्दछन् यसरी सनातन संस्कृति निरन्तर रूपमा चलायमान छ। र हामीले आफ्नो परम्परालाई जोगाउन निरन्तर तत्पर रहनुपर्दछ । प्रकृतिलाई हरा भरा राख्नु बिरुवाहरूलाई पानी चढाएर संरक्षण गर्नु, इनार, पानी पधेरा, तलाउ, बाटोघाटो सफा गर्नु र स्वस्थ्य तथा निरोगी भएर बाँच्नु नै नयाँ वर्ष र सिरुवा पर्व को मुख्य सन्देश हो।

# नैतिकताको मृगतृष्णा



✍ ईन्द्रकुमार श्रेष्ठ

**नैतिकता 'पढाउने' विषय होइन, यो त 'बाँच्ने' आधार हो । हामीले हाम्रा बालबालिकालाई केवल शब्दको खेती गर्न र परीक्षामा अङ्क धेरै ल्याउन मात्र सिकायौं भने उनीहरू भविष्यका चतुर, शिक्षित र सुकिला अपराधी त बन्लान् तर समाजलाई योगदान दिने जिम्मेवार नागरिक बन्न सक्ने छैनन् । राज्यले नैतिक शिक्षालाई परीक्षाको अङ्कसँग होइन, जीवनको गुणस्तर र आचरणको शुद्धतासँग जोड्नु पर्छ ।**

राज्यले विद्यालय तहको पाठ्यक्रममा 'नैतिक शिक्षा' पुन: समावेश गर्ने निर्णय गरेको छ । यो 'असल कुरा' सुन्दा जति मनमोहक र आशावादी लाग्छ, यसको कार्यान्वयनको धरातल र विगतको अनुभव हेर्दा त्यति नै संशयपूर्ण छ । केवल एउटा पाठ्यपुस्तकको भारी थपेर वा वार्षिक परीक्षामा केही सैद्धान्तिक प्रश्नको उत्तर लेख्न लगाएर विद्यार्थीलाई 'नैतिकवान्' बनाउन सकिन्छ भन्ने सोच आफैंमा एकाङ्की र सतही छ ।

विगतको एउटा तितो यथार्थ पोखौं । कक्षा ९ को वार्षिक परीक्षामा "बालविवाह सामाजिक अपराध हो र यसले शारीरिक विकास एवं पारिवारिक जिम्मेवारी वहनमा अवरोध पुऱ्याउँछ" भनी उत्कृष्ट उत्तर लेखेर विशिष्ट अङ्क प्राप्त गर्ने विद्यार्थी कक्षा १० मा पुगेपछि सहपाठी लिएर घरबाट भागेको थियो । यसले के पुष्टि गर्छ भने हाम्रो शिक्षा प्रणालीले विद्यार्थीको मस्तिष्कसम्म सूचना त पुऱ्यायो तर उसको 'विवेक' र 'आचरण' सम्म शिक्षाको उज्यालो पुग्न सकेन । यो शिक्षा "काउलीको पात हरियो हुन्छ" भनेर घोके जस्तै नितान्त यान्त्रिक र प्राणहीन साबित भएको छ, जसले व्यक्तिको भित्री चरित्र निर्माणमा कुनै तात्त्विक प्रभाव पार्न सकेको छैन र खासै पार्दैन पनि ।

सामाजिक यथार्थ के हो भने जसले नीति र नैतिकताका ठुला ग्रन्थ घोकेका छन्, उनीहरू नै समाजको मूल्य र मान्यतालाई लत्याउँदै सबैभन्दा बढी भ्रष्ट आचरणमा लिप्त देखिन्छन् । देश र जनतालाई लुटेर अरबपति बन्ने नेता, व्यापारी, गैरजिम्मेवार कर्मचारी, भ्रष्ट प्रहरी वा पदको दुरुपयोग गर्ने अधिकारी- यी कोही पनि अनपढ वा विश्वविद्यालय नटेकेका मानिस होइनन् । यी सबैले कुनै समय विद्यालयमा पढ्दा नैतिक शिक्षाका पाठ कण्ठ गरेका थिए र परीक्षाका पानामा नैतिकताको ठुलो वकालत गरेरै यहाँसम्म आइपुगेका हुन् । उनीहरूको जीवनमा 'किताबी माछा' र 'खोलाको माछा' बिचको अन्तर प्रस्ट देखिन्छ । जब बुद्धिजीवी भनिने वर्गबाटै सबैभन्दा बढी अबौद्धिक र स्वार्थी खेल खेलिन्छन्, तब समाजको नैतिक जग नै धर्मराउन पुग्छ । समाजका कथित साधु स्वादका पुजारी बन्नु, जोगी भोगविलासको दलदलमा फस्नु र चरित्रका कुरा गर्नेहरू नै पर्दापछाडि चरित्रहीन हुनुले के देखाउँछ भने हाम्रो समाजमा 'भन्ने' र 'गर्ने' बिचको खाडल निकै गहिरो र भयावह भइसकेको छ ।

यस्तो प्रदूषित र दोहोरो मापदण्ड भएको सामाजिक परिवेशमा हुर्किएको विद्यार्थीले किताबका निर्जीव पाठभन्दा समाजको 'पावर' र 'पैसा' बाट बढी सिकिरहेको हुन्छ । समाजमा आज 'नैतिकवान्' व्यक्ति सबैभन्दा बढी उपेक्षित, उत्पीडित र तिरस्कृत बन्ने अवस्था छ । जब धनको अहङ्कारले बजारमा चर्को स्वरमा गर्जन थाल्छ, तब सत्य र नैतिकताले मौन रहनु नै आफ्नो अस्तित्व रक्षाको उपाय ठान्छन् । यो त धृतराष्ट्रहरूको भिडले भरिएको त्यो अन्धो समाज जस्तो भएको छ, जहाँ नैतिकता रूपी द्रौपदीको चीरहरण भइरहँदा पनि विदुरहरू निरीह र मौन बनेर हेर्न विवश छन् ।

नैतिकताका ठुला कुरा गर्नेहरू नै समाजमा 'अनैतिक दबदबा' कायम गरेर बसेका छन् । यसले गर्दा नयाँ पुस्तामा असल मार्गमा हिँड्ने प्रेरणा नै मर्दै गए जस्तो लाग्छ । "किताबको माछा खानु हुँदैन, खोलाको माछा खानु हुन्छ" भन्ने चिन्तनले समाजको नेतृत्व गरिरहेको बेला विद्यालयको एउटा सानो कोठामा बसेर दिइने नैतिकताको प्रवचन बालुवामा खन्याएको पानी जस्तै व्यर्थ हुन सक्छ ।

सरकारले अब लागु गर्ने नैतिक शिक्षालाई परम्परागत 'किताबी शिक्षा' र 'लिखित परीक्षा' को सङ्कुचित घेराबाट पूर्णत: बाहिर निकाल्नु पर्छ । नैतिकता कुनै कण्ठ गरिने गणितीय सूत्र वा विज्ञानको नियम होइन, यो त जीवन जिउने कला, पद्धति र संस्कृतिको योग हो । यसलाई नितान्त प्रयोगात्मक र व्यावहारिक सिकाइका रूपमा विकास गरिनु पर्छ, जहाँ पाठ्यपुस्तकभन्दा बढी पात्र, परिवेश र व्यवहारले अर्थ राख्छन् । यसका लागि विद्यालयका प्रधानाध्यापकदेखि सहयोगी कर्मचारीसम्म र बसका चालकदेखि होस्टलका भान्सेसम्म सबैलाई 'शिक्षक' को भूमिकामा उभ्याउनु पर्छ । नैतिकताको पाठ केवल एउटा ४५ मिनेटको घण्टीमा सीमित हुनु हुँदैन । यो त विद्यालयको मूल गेटबाट पस्दादेखि घर फर्किंदासम्मका प्रत्येक पाइलामा झल्किनु पर्छ । शिक्षकले कक्षामा पढाउने नैतिकता र उसले विद्यालयको सामान्य स्तरको कर्मचारी वा विद्यार्थीसँग गर्ने व्यवहारमा एकरूपता छैन भने त्यो शिक्षाको कुनै मूल्य रहँदैन ।

नैतिकताको सन्दर्भमा विद्यार्थीको मूल्याङ्कन पद्धतिमा पनि आमूल परिवर्तनको खाँचो छ । एउटा विषय शिक्षकले कोठाभित्र लिने लिखित परीक्षाले विद्यार्थीको कति ज्ञान छ भन्ने मापन त गर्ला तर उसको 'मानवता' मापन गर्न सक्दैन । विद्यार्थीको नैतिकताको कसी उसका अभिभावक, भाइबहिनी, छिमेकी, विद्यालयका कर्मचारी, सवारीचालक र स्वयं उसका सहपाठी हुनु पर्छ । विद्यार्थीले आफ्ना सहकर्मीसँग कस्तो व्यवहार गर्छ, विपन्न र असहायप्रति उसको दृष्टिकोण कस्तो छ, सार्वजनिक सम्पत्तिको संरक्षणमा उसले कस्तो भूमिका खेल्छ र वातावरणप्रति ऊ कत्तिको जिम्मेवार छ- यी कुरा नै उसको 'ग्रेड' निर्धारण गर्ने आधार बन्नु पर्छ । जबसम्म एक विद्यार्थीले विद्यालयका सहयोगीलाई गर्ने सम्मान वा बाटोमा हिँड्दा देखाउने सभ्यतालाई उसको शैक्षिक योग्यताको प्रमुख मापदण्ड मानिँदैन, तबसम्म कागजका डिग्रीले केवल साक्षरता प्रतिशत मात्र बढाउने छन्, शिष्टता र नैतिकता होइन ।

अन्त्यमा नैतिकता 'पढाउने' विषय होइन, यो त 'बाँच्ने' आधार हो । हामीले हाम्रा बालबालिकालाई केवल शब्दको खेती गर्न र परीक्षामा अङ्क धेरै ल्याउन मात्र सिकायौं भने उनीहरू भविष्यका चतुर, शिक्षित र सुकिला अपराधी त बन्लान् तर समाजलाई योगदान दिने जिम्मेवार नागरिक बन्न सक्ने छैनन् । राज्यले नैतिक शिक्षालाई परीक्षाको अङ्कसँग होइन, जीवनको गुणस्तर र आचरणको शुद्धतासँग जोड्नु पर्छ । जबसम्म हाम्रो समाजले धनभन्दा चरित्रलाई, शक्तिभन्दा सत्यलाई र पदभन्दा निष्ठालाई सम्मान गर्न सिक्दैन तबसम्म कुनै पनि पाठ्यक्रमले समाजमा जादुमयी परिवर्तन ल्याउन सक्ने छैन । नैतिकताको वास्तविक परीक्षा कागजका पानामा कोरिएका शब्दमा होइन, मानिसका व्यवहार, बोली र नियतमा देखिनु पर्छ । नत्र यो 'नैतिक शिक्षा' को पुनरागमन पनि अर्को एउटा निरर्थक रटान, राष्ट्रिय समयको बर्बादी र बौद्धिक पाखण्डको पुनरावृत्ति मात्र हुने निश्चित छ । अबको शिक्षाले ओठमा नैतिकता र गोजीमा अनैतिकता बोक्ने पुस्ता होइन, हृदयमा इमान र व्यवहारमा निष्ठा बोक्ने मानिस उत्पादन गर्न सक्नु पर्छ । (गोप) ♦

### कान्छी प्रधानाध्यापक भन्छिन्,

# 'जिम्मेवारीले उमेर हेर्दो रहेनछ'

**धनकुटा**/२० वर्षको उमेरमानै प्रधानाध्यापकको भूमिकामा पुगेकी स्मारीका राईलाई त्यसै यो अवसर प्राप्त भएको होईन । धनकुटाको साँगुरीगढी गाउँपालिका-९, हर्दियाकी शिक्षक स्मारिका राईलाई यो अवस्था आउन भने सानै देखि गरेको मेहनत र लगनशिलताले साथ दियो । उनका लागि प्रधानाध्यापकको यो पद त्यस्तो योजना बनाएर आएको थिएन। २०८१ साल चैत ६ गते उनले शिक्षकको रुपमा प्राथमिक तहमा पहिलो नियुक्ति पाइन् । उनलाई पालिकाले चैत १४ गते मात्रै नियुक्ति दियो । उनी धनकुटाको साँगुरीगढी गापा-८ मा रहेको भूमिश्वर प्राथमिक विद्यालयमा शिक्षकको रुपमा नियुक्त भएर गइन् । राई प्राथमिक तहको स्थायी शिक्षकको रुपमा नियुक्ति लिएर त्यहाँ गएपछि पुराना अस्थायी शिक्षकहरु एकपछि अर्को विदा भए । उनी धेरैको बीचबाट एकैचोटि 'सबैभन्दा कान्छी' प्रधानाध्यापक बन्न पुगिन्। 'मलाई प्रधानाध्यापक बनाइदिन्छन् भन्ने कल्पना पनि गरेकी थिइनँ' उनी भन्छिन्, 'नियुक्ति लिएर आएपछि बल्ल थाहा भयो, जिम्मेवारीले उमेर हेर्दो रहेनछ ।'



कक्षा १२ पास गर्ने बित्तिकै शिक्षक सेवा आयोगले लिने लाइसेन्स परीक्षाको प्राथमिक तहमा उनी पास भईन । त्य लगत्तै उनले फेरि निमावि तहको अध्यापन अनुमति पत्रको लागि फारम भरिन् । त्यसमा पनि सहजै नतिजा निकालिन् । त्यसपछि उनले प्राथमिक तह र निमावि तहको शिक्षक सेवा आयोगको परीक्षा दिइन् तर प्राथमिक तहको पहिलो र दोस्रो पेपरमा मात्रै उनी सफल भइन् । त्योसँगै अहिले उनी यो जिम्मेवारीमा पुगेकी छन् ।

उनी परिवारीकी एक्लि छोरी हुन् । आमा घर भनेर बसेकी गृहिणी, बाबु विदेश बसेर फर्किएका छन् । गाउँमै हुर्केकी, गाउँमै पढेकी, अहिले गाउँमै विद्यालयको प्रधानाध्यापक हुने अवसर पाएकी छिन् । उनको घरदेखि विद्यालयसम्म पुग्नको लागि करीब ३ घण्टा लाग्छ । पैदल हिंड्ने बाहेक अर्को विकल्प छैन । बिहान ७ बजे घरबाट हिंडेकी स्मारिका विद्यालय पुग्दा १० बजिसक्छ, घर फर्कंदा बेलुकी हुन्छ । २० वर्षको उमेरमा प्रधानाध्यापकको जिम्मेवारीमा पुगेकी स्मारिका अहिले २१ वर्षको उमेरमा छिन् । एउटा विद्यालय चलाउनु महत्वपूर्ण र कर्तव्य भन्दा बढी आत्मविश्वास हुनुपर्ने उनको भनाइ छ ।

# चौरी महोत्सवबाट पर्यटन प्रवर्द्धन



*फिदिम/ पाँचथरको फालेलुङ गाउँपालिकाको चारराते-फालोट क्षेत्रमा नौ वर्षदेखि आयोजना भइरहेको चौंरी पर्यटन महोत्सवले यहाँका चौंरीपालकहरुलाई फाइदै फाइदा पुर्याएको छ ।*

*विसं २०७४ सालदेखि समुन्द्री सतहबाट तीन हजार ५०० मिटर उचाइको फालोट क्षेत्रमा आयोजना हुने महोत्सवले चौंरीपालन संवर्द्धन हुनाका साथै चौंरीजन्य सामग्रीले अन्तरराष्ट्रिय बजार पाएको छ । चौंरीपालकका गोठहरु नै अहिले पर्यटक बस्ने स्थल बनेका छन् भने यहाँ पूर्वाधार विकास पनि बढ्दै गएको छ ।*

*फालोट याक गोठबासका सञ्चालक एवम् अगुवा चौंरीपालक चन्द्रलाल नेपालका अनुसार महोत्सव आयोजना हुन थालेपछि चौंरी गोठालाहरुमै उत्साह बढेको छ । फालोट क्षेत्रमा ०७४ सालअघि १८ वटा चौंरी गोठ रहेकामा अहिले ३१ वटा गोठ रहेका छन् ।वार्षिक रुपमा कस्तीमा पाँच हजार पर्यटक आउने गरेको नेपालको भनाइ छ । असार, साउन र भदौमा अत्यधिक वर्षाका कारण गोठहरु गाउँतर्फ झारिने हुँदा पर्यटकहरुलाई पुग्न र बास बस्न कठिन पर्ने गरेको छ । पहिले यहाँ चौंरीको घ्यू र छुर्पी मात्रै उत्पादन हुने गरेकामा अहिले चिज उत्पादन गरी बिक्री हुँदै आएको छ । महोत्सवकै कारण चौंरीजन्य सामग्रीले बजार पाएको, सरकारी निकायहरुले सहयोग गर्न थालेका र पर्यटकहरु पुग्न थालेको नेपालको भनाइ छ ।*

*फालेलुङको चारराते, तीन सिमानालगायत क्षेत्रका चौंरीपालकहरुको समूह कञ्चनजङ्घा याक चिज उत्पादक समूहका अध्यक्ष रामचन्द्र गुरुङका अनुसार पछिल्ला वर्षहरुमा चौंरीको सङ्ख्यामा अत्यधिक वृद्धि हुँदै गएको छ । चौंरीपालनमै आधारित भएर जीविकोपार्जन गर्नेको सङ्ख्या पनि बढेको छ भने पर्यापर्यटनको विकासमा धेरै ठूलो मद्दत पुगेको छ । यसको मुख्य कारण पर्यटकको सङ्ख्या बढ्दै जानु हो । चौंरी महोत्सवले पर्यटक भित्र्याएपछि चौंरीका सामग्रीले राम्रो मूल्य पाउन थालेका छन् ।*

*गुरुङका अनुसार चौंरीको हाडखोर पनि बिक्री हुन्छ । सिङ, पुच्छर पनि बिक्री हुन्छ । चौंरीका धेरै सामग्री धार्मिक/सांस्कृतिक कार्यमा प्रयोग गरिने हुँदा धेरै माध्यमबाट गोठालाहरुले आम्दानी गर्ने गरेका छन् । पछिल्लो समय नयाँ याकहरु ल्याएर चौंरीका नयाँ प्रजातिको विकासको प्रयास भइरहेको छ, जसले चौंरीको सङ्ख्या बढाउँदै लगेको छ । ताप्लेजुङका हिमाली भेग र भूटानबाट याक ल्याएर उन्नत प्रजाति उत्पादनको प्रयास चलिरहेको छ, जसमा अहिलेसम्म ४० बढी चौंरी हुर्किएको गुरुङको भनाइ छ । अब सरकारले चौंरीमा कृत्रिम गर्भाधानमा सहयोग गर्नुपर्ने उनको माग छ ।*

**जानकारी**

# गैंडाका बारेमा जानकारी



**परिचय** : विश्वमा अफ्रिकाका २ प्रजाति ( दुई सिने कालो र सेती) एवं एशियाका २ प्रजाति (जाभान एक खागे सानो, सुमात्रन बुई स्वागे / शरिरमा रौ भएको र एक खागे ठूलो गरी ५ प्रजातिका गैंडा पाईन्छ। त्यी मध्य एक सिने ठूलो नेपालमा पाइने गैंडा हो । एउटा मात्र सिंह हुने भएकाले यसलाई एक सिङ्गे गैंडा भनिएको हो । यो ७० वर्ष सम्म बाच्दछ पहिले विश्वको धेरै स्थानमा प्रचुर मात्रामा पाइने यो जनावर, आजकाल बासस्थान विनाश र चोरी सिकारको कारण हाल यो ज्यादै न्यून संख्यामा केहि स्थान सिमित छ । ईस २००७ सम्म लगातार क्ष्न्ऋल ले संकट्टापन (Endangered) मानेको यो गैंडालाई २००८ बाट भने दुर्लभ (Vulnerable ) को सूचिमा सुचिकृत गरेको छ ।

त्यसैगरी साईटिस ( वन्यजन्तुहरुको तथा बनस्पतिहरुको अन्तर्राष्ट्रिय व्यापार संविदा) ले बसलाई Apendix–I लोपहुने स्थितिको प्रजाति भनेको छ । नेपालले संरक्षित जीवको सूचिमा राखेको छ ।

**धार्मिक विश्वास** : श्राद्ध गर्दा यसको छाला र सिङ्गबाट बनेको खगौतोले तर्पण दिनाले पितृ खुसी हुन्छन् भन्ने अन्धविश्वास छ । यसको पिसाबमा एन्टीसेप्टीक गुण हुने भएकाले औषधिको रुपमा प्रयोग गरिन्छ । यसको मूत्रको आन्तरिक प्रयोगले दम र क्षयरोग कासाथै, गोवर नलीमा हालेर धुवा लिएमा ज्वरो सन्चो हुन्छ भनिन्छ । पिसाब भाडोमा राखेर ढोकामा झुण्डाउनाले भुत प्रेत घर भित्र पस्न सक्दैनन् भन्ने विश्वास गरिन्छ । पवित्र ग्रन्थ वेद र पुराणमा गैडाको नाम उलेख भएकाले हिन्दूहरु यसलाई पवित्र जनावरको रुपमा लिन्छन्

**वासस्थान** : यसलाई ८ वर्ग कि. मी. सम्मको क्षेत्रफल आवश्यक पर्दछ । यो जनावर तराई देखि चुरेको फेद सम्म बस्छ । पानी जम्ने स्थान तथा घाँसे मैदान यसको बढी मनपर्ने स्थान हुन् । गर्मी याममा सदा जसो सिमसिमे क्षेत्र, पानी जम्ने ठाउँ, घोल तथा पानीमा खेल्न मन पराउने यी गैडा वर्षायाममा भने स-साना पहाडी क्षेत्रमा बस्ने गर्दछ

**पाईने क्षेत्र** : पहिले विश्वको धेरै स्थानमा पाईने यो गैंडा हाल प्राकृतिक रुपमा नेपाल तथा भारत मात्र पाइन्छ । नेपालको चितवन र भारतको काजीरंगा क्षेत्र यसको सुरक्षित वासस्थान तथा प्रमुख क्षेत्रको रूपमा लिइन्छ । नेपालको चितवन र बर्दिया राष्ट्रिय निकुन्ज साथै शुक्लाफाँटा वन्यजन्तु आरक्षमा पाईन्छ ।

**भोजन** : यो एक चर्ने जनावर हो। विशेष गरेर यो वर साइपेरस प्रजाति, दुबो र कहिले काहीं एलिफेन्ट घाँस भएको क्षेत्रमा चर्दछ । यसको अलवा यसले घोल तथा नदीका पेटीहरूमा पाईने विरुवाहरु पनि खाने गर्दछ । ठूला ठूला घाँसका ढड्डीहरुमा आगो लागेपछि पलाएका दुसाहरु यसको मन पर्ने भोजन हो । जेष्ठ महिना पछि खोल्सा खोल्सी तथा खेतका किनाराहरू र पानीमा हुने विरुवाहरु पनि यसले मन पराउदछ । मनसुन ताका किसानको खेती बालीमा चरिदिने हुनाले स्थानिय किसानहरु गैडासँग रुष्ट बन्दछन् ।

**बानी व्यहोरा** : गैंडा धेरै क्रियाशील र तेज गतिले दगुर्न सक्छ । देख्ने शक्ति कमजोर हुने यस जीवको सुँघ्ने र सुन्ने शक्ति भने तेज हुन्छ । रिसाहा स्वभावको हुने भएकोले कहिले काही मानव क्षति पनि गर्दछ । यो बच्चाको सुरक्षा कालमा बढि उत्तेजित हुन्छ । प्राय एकै ठाँउमा मल त्याग गर्छ भने मलको धुप्रो देखेपछि यसलाई मल त्याग गर्ने इच्छा जाग्छ मलको थुप्रो देखेपछि गैंडा उकालो क्षेत्रतिर लाग्ने हुनाले सिकार हुने संभावना बढी हुन्छ ।

यौन संबन्ध वर्षभरी नै हुन सक्छ तर यौनक्रियाको लागि भालेपोथी दुवैमा इच्छा हुनुपर्छ । यसको प्रजनन दर निकै कम छ । गर्भधारण गरेको १६ देखि १८ महिनामा बच्चा जन्माउछ एक चोटीमा एउटा मात्र बच्चा जन्माउँछ । बच्चालाई २ वर्ष सम्म आफै सगँ राख्छ । बच्चाले दुध छोडी घाँस खान घालपछि माउले स्याहार गर्न छोड्छ । माउले बच्चा जन्माएको ४ वर्ष पछी अर्को बच्चा जन्माउने गर्छ । जन्मेको ६.५. वर्षपछि गैंडा बच्चा जन्माउन शारीरिक रुपमा तयार हुन्छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

**पुस्तक-साभार**

## सुवर्ण शमशेर

निष्ठाको राजनीतिक यात्रा - अध्याय ४

# क्रान्तिको पूर्वाभ्यास

✍ **कृष्ण धारावासी**

क्रमागत :

सम्मेलनको मुख्य काम थियो (१) नयाँ पार्टीको नाउँ तोक्ने, (२) झण्डा रोज्ने र (३) पार्टी अध्यक्ष छान्ने। निर्णय भयो- पार्टीको नाउँ नेपाली कांग्रेस रहने, यसको झण्डा तलमाथि रातो, बीचमा सेतो र सेतो भागमा चारवटा रातो तारा रहने, अनि पार्टीको नयाँ सभापति मातृकाप्रसाद कोइराला हुने ।

सम्मेलनले नेपाली कांग्रेसको घोषणापत्र पनि पारित गर्‍यो । विश्वेश्वरप्रसाद कोइरालाले लेख्नुभएको उक्त घोषणापत्रमा पहिलोपल्ट नेपालको राजनीतिक परिस्थितिको विशद् रुपमा विश्लेषण गरिएको थियो र निष्कर्षमा प्रतिक्रियावादी राणाशासनको अन्त्य नभएसम्म नयाँ नेपालको निर्माणको सपना साकार हुनसक्तैन, त्यसैले नेपाली कांग्रेसको झण्डामुनि सबै नेपाली एक होऔं भन्ने आहवान गरिएको थियो। एक व्यापक जनआन्दोलनद्वारा राणाशासन समाप्त पारेर आधुनिक युगसुहाउँदो प्रजातान्त्रिक व्यवस्थाको सूत्रपात गर्ने संकल्प नेपाली कांग्रेसको घोषणापत्रमा व्यक्त गरिएको थियो । घोषणापत्रमा नेपालका राजालाई बन्दीतुल्य जीवनबाट मुक्त तुल्याई राजाकै वैधानिक नायकत्वमा जनताद्वारा निर्वाचित प्रतिनिधिहरूका हातमा शासनको बागडोर सुम्पने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

घोषणापत्रमा नेपालको पूर्ण स्वतन्त्रता र सार्वभौमसत्ताको रक्षा नेपाली कांग्रेसले गर्ने कटिबद्धताका साथै प्रजातन्त्रोत्तर नेपालले स्वतन्त्र परराष्ट्र नीति अपनाउने कटिबद्धता प्रकट गरिएको थियो ।

मातृकाप्रसाद कोइराला नेपाली कांग्रेसको सभापति घोषित भएपछि उहाँले कार्यसमितिको सूची पेश गर्नुभयो । कार्यसमितिको महासचिव पदमा महेन्द्रविक्रम शाह र सदस्यहरूमा विश्वेश्वरप्रसाद कोइराला, बालचन्द्र शर्मा, रामेश्वरप्रसाद सिंह, सुवर्णशमशेर राणा, महावीरशमशेर, सूर्यप्रसाद उपाध्याय, सी.बी. सिंह तथा कृष्णबहादुर प्रधान अर्थात् म आफैं पनि सम्मिलित गरिएको थिएँ । पार्टीको नयाँ कार्यक्रम र कार्यविभाजन कार्यसमितिको बैठकले आवश्यकताअनुसार पछि गर्ने र त्यसको जानकारी कार्यकर्ताहरूलाई दिँदैजाने समझदारी पनि सम्मेलनमा कायम भएको थियो ।


चैतको आखिरी साता भएकाले कलकत्ताको गर्मी निकै उखरमाउलो बनिसकेको थियो । त्यसैले बस्ने खाने व्यवस्था राम्रो हुँदाहुँदै पनि साथीहरू धमाधम फर्कनथाले । कार्यसमितिको बैठक बसेर कामको बाँडफाँड नभएसम्म मैले कलकत्ता छोड्ने कुरै आएन. त्यसकारण पनि मैले अरू केही दिन कलकत्ताको गर्मी खानुपर्‍यो । हुन त रक्सोल कुन ठण्डा ठाउँ थियो र । तैपनि रहँदा-बस्दा रक्सोलको गर्मी पचिसकेको थियो र त्यहाँको गर्मी गर्मीजस्तो लाग्न छाडिसकेको थियो ।

काठमाडौंबाट सम्मेलनमा भाग लिन आएका साथीहरूमा सूर्यबहादुर भारद्वाज, रामलाल ताम्राकार, देवीलाल श्रेष्ठ, बटुक शर्मा, गुलवदन आदिलाई तुरुन्तै काठमाडौं फर्काउनु जोखिमपूर्ण थियो । अतः उनीहरू केही दिन अरू कलकत्ता बसेर फर्किए । जिल्ला-जिल्लाबाट आएका साथीहरू चाहिँ सम्मेलनको लगत्तै फर्किसकेका थिए । क्रमश :

**कला/मनोरञ्जन**

# 'पहाड'बाट उत्साही पञ्चमी

नेपाली फिल्म क्षेत्रमा 'स्टार किड्स'को लामो लहर छ । कसैले विरासत थामेका छन् भने कोही हराएका छन् । यही भीडमा थपिएकी छिन् पञ्चमी घिमिरे । पञ्चमी वरिष्ठ निर्देशक तुलसी घिमिरेकी कान्छी छोरी हुन् । उनले तुलसीकै निर्देशनमा बनेको पछिल्लो फिल्म 'पहाड'बाट नेपाली रजतपटमा डेब्यु गरेकी छन् । नयाँ वर्षको अवसर पारेर वैशाख १ गतेदेखि प्रदर्शनमा आएको यो फिल्मलाई दर्शकले रुचाएका छन् । 'पहाड'को प्रतिक्रिया बुझ्न विभिन्न हल धाइरहेकी उनी दर्शकको प्रतिक्रियाबाट निकै उत्साहित छिन् । 'हलमा पुग्दा दर्शकले देखाउनुभएको माया र दिनुभएको आशीर्वादले म निकै उत्साहित छु,' उनले भनिन्, 'दर्शकहरूले फिल्मको गहिराइ र भावनात्मक पक्षलाई निकै रुचाउनुभएको छ।' रिलिजको दिनदेखि नै नियमित रूपमा हल भ्रमण गरिरहेकी पन्चमीका अनुसार दर्शकले फिल्मको विषयवस्तु मर्मस्पर्शी भएको बताएका छन् ।




फिल्म राम्रो र भावनात्मक भए पनि प्रचारप्रसार कम भएकाले रिलिज भएको थाहै नपाएको गुनासो दर्शकले गर्ने गरेको उनी सुनाउँछिन् । उनी भन्छिन्, 'धेरै दर्शकले हलमा आएपछि मात्र फिल्म लागेको थाहा पायौँ, यस्तो राम्रो फिल्मको त धेरै चर्चा हुनुपर्थ्यो भन्दै गुनासो गर्नुहुन्छ ।'

फिल्म प्रदर्शन हुनुअघि पञ्चमीमा उत्साहभन्दा बढी डर थियो । सयौं पटक सम्पादन कक्षमा फिल्म हेरे पनि ठुलो पर्दामा दर्शकका अगाडि आफूलाई प्रस्तुत गर्नु उनका लागि सहज थिएन । 'एक कलाकारका रूपमा दर्शकले मलाई कसरी लिनुहोला, मेरो अभिनय कस्तो होला भन्ने डर थियो,' उनले डरको कारण खुलाइन्, 'फिल्मभरि दर्शकले मलाई पर्दामा हेर्न सक्नुहोला कि नहोला भन्ने चिन्ता थियो ।' तर, फिल्म र दर्शकको सकारात्मक प्रतिक्रियाले अहिले उनको आत्मविश्वास बढेको छ ।

**मर्मस्पर्शी "परालको आगो"**

गुरुप्रसाद मैनालीको कृति 'परालको आगो' मा आधारित सोही नामको फिल्मको मर्मस्पर्शी ट्रेलर युट्युबमा सार्वजनिक गरिएको छ। आगामी वैशाख ११ गतेबाट प्रदर्शनमा आउने फिल्म 'परालको आगो'को ट्रेलर बिहीबार निर्माण टिमले एक कार्यक्रम गर्दै सार्वजनिक गरेको हो ।

लक्ष्मण सुनार निर्देशित फिल्मको ट्रेलर मुख्य कलाकार प्रकाश सपूत र सुहाना थापामा केन्द्रित छ। महिलाको सम्मान गर्दा घरमा उज्यालो र प्रफुल्ल हुन्छ भन्ने सन्देश दिने परालको आगो फिल्मले परिवार र दम्पतीमा आधारित छ। एक दम्पती जो धनी छ तर दैनिक झगडा गर्छ र अशान्त छ। अर्को दम्पती जो गरिब छ तर खुसी छ। पति पत्नीको सम्बन्धमा सबैभन्दा महत्वपूर्ण कुरा प्रेम, सम्मान र समझदारी महत्वपूर्ण रहेको सन्देश दिइएको छ । पति-पत्नीबीचको सम्बन्ध परालको आगोजस्तै ह्वार्र बल्ने र तत्कालै निभ्ने भएकाले प्रेम बाँडेर जिउन सिकौं भन्ने सन्देश यसमा छ। ट्रेलर हेर्दा, प्रकाश सपुत र सुहाना थापाले शीर्ष दम्पतीको भूमिका निर्वाह गरेका छन् ।

**दैनिक राशिफल**

आज मिति
२०८३ साल
वैशाख ०८ गते
मंगलबार
21 April 2026
तिथि: चतुर्थी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | कार्यमा सफलता । मनमा उमंग । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मनमा डर, त्रास । कार्यमा अवरोध । |
| मिथुन | का कि कु घ ङ छ के को हा | पारिवारिक बेमेल । रोगको भय । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | व्यवसायबाट लाभ । मनमा शान्ति । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | नयाँ कामको सुरुवात । मित्रबाट सहयोग । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | व्यर्थको यात्रा । आफन्तबाट धोका । |
| तुला | रा री रु रे रो ता ती तु ते | खर्च बढ्ने । पारिवारिक समस्या । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | प्रतिष्ठा बढ्ने । अध्ययनमा सफलता । |
| धनु | य यो भा भी भ धा फा ढ भे | शत्रु बढ्ने । आम्दानी घट्ने । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मिष्ठान्न भोजन । धन लाभ । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | चोटपटकको भय । वादविवाद । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आम्दानी बढ्ने । परोपकारमा मन जाने । |

# सिमा क्षेत्रमा छोटी भन्सारको माग

**दमक**/मोरङमा सीमाक्षेत्रका नागरिकले छोटी भन्सार पुनर्स्थापना गर्नुपर्ने माग गरेका छन् । सीमाक्षेत्रको अवस्था बुझ्न स्थानीय प्रशासनले गरिरहेको अनुगमनमा नागरिकले छोटी भन्सार नहुँदा सानो व्यापार चलाउन कठिन भएको बताएका हुन् ।

व्यापार सहजीकरणका लागि मुख्य भन्सार विन्दु प्रयोग गर्ने नीति अनुसार छोटी भन्सार क्रमशः बन्द हुँदै गएका छन् तर मुख्य भन्सारसँगको पहुँच सहज नहुँदा छोटी भन्सारबाट सामान भित्र्याएर व्यापार गर्दै आएका मोरङका पूर्व-दक्षिणतर्फका स्थानीय तहका नागरिकलाई असहज भएको गुनासो गरेका हुन् । मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले छोटी भन्सार हटेपछि राज्यको उपस्थिति कमजोर भएको गुनासो नागरिकले गरेको बताएका छन् । मोरङमा ६३ किलोमिटर खुला सीमाक्षेत्रका सबै नागरिक मुख्य भन्सार विन्दुसँग नजिक नरहेकाले गुनासो आउनु स्वाभाविक रहेको उनले बताए । तर स्थानीय सरकारको सहज पहुँचमा भएका नागरिकले राज्यको पहुँच नभएको गुनासो गर्नु व्यापार गर्न असहज भएकाले हुन सक्ने उनको भनाइ छ ।

विराटनगरदेखि पूर्व-दक्षिण पर्ने जहदा, धनपालथान, कटहरी गाउँपालिका र रङ्गेली, सुनबर्सी तथा रतुवामाई नगरपालिका छन् । सानो व्यापार गर्न ठुलो परिमाणमा सामान भित्र्याउन नसक्ने, दैनिक उपभोगका सामग्री ल्याउनसमेत सीमा कडाइपछि समस्या परेको सीमाक्षेत्रका नागरिकमा चिन्ता बढेको हो । मोरङका नौ वटामध्ये हाल एउटा मात्रै छोटी भन्सार सञ्चालनमा छ । त्यो धनपालथान गाउँपालिका-२ को मायागन्ज छोटी भन्सार हो । विराटनगर भन्सार कार्यालयका प्रमुख उमेश श्रेष्ठका अनुसार छोटी भन्सार राजस्व वृद्धि गर्नेभन्दा खर्च बढाउने कार्यालय भएकाले बन्द भएकाले अब सञ्चालनमा आउने सम्भावना न्यून छ । स्थानीय व्यापारका लागि सहजीकरण गर्ने भनिए पनि भारततर्फ छोटी भन्सारका लागि आवश्यक पर्ने उस्तै प्रकृतिका संरचना नहुँदा त्यसलाई कार्यान्वयन गर्न नसकिने स्थितिमा पुगिएको उनको भनाइ छ ।

धनपालथान-२ को मायागन्जबाहेक रङ्गेली र सुनबर्सीको डाइनिया छोटी भन्सार तीन वर्षअघिसम्म सञ्चालनमा थियो । जहदा गाउँपालिकाको मधुमल्ला, धनपालथान गाउँपालिका मझारेको तरिगामा, रतुवामाई नगरपालिकास्थित बरडङ्गाको चुनिबारी, चौकीघाट छोटी भन्सार २०५३ सालदेखि बन्द रहेका छन् ।

***राजनीति........*** बढीको सामग्री ल्याउँदा भन्सार तिर्नुपर्ने तर विमानस्थलमा विदेशबाट हजारौंको मदिराजन्य पदार्थ ल्याउन छुट हुने व्यवस्था किन गरिएको हो भनी अर्थमन्त्री तथा पार्टी उपसभापति स्वर्णिम वाग्लेलाई प्रश्न गरेका थिए ।

रास्वपा प्रवक्ता मनिष झाले सीमामा भारतबाट सामान ल्याउँदा लाग्ने भन्सार र राज्यबाट हुने व्यवहारका बारेमा सचिवालय बैठकमा छलफल चलेको बताए ।सचिवालय बैठकपछि रास्वपा महामन्त्री तथा सांसद कबिन्द्र बुर्लाकोटीले पनि सीमापारिबाट नेपालमा सामान ल्याउँदा भन्सार लाग्ने विषयमा छलफल भएको बताए । नाकामा कडाइ गरिएपछि सामान किनमेल गर्न सीमापारि जाने क्रम घट्न थालेको छ । सीमावर्ती भारतीय बजार सुनसान हुँदै गएका छन् । नाकामा गरिएको कडाइलाई कतिपय नेपाली व्यापारीले सकारात्मक भनेका छन् भने अन्यले एक सय रुपैयाँको सीमा अव्यावहारिक रहेको तर्क गरिरहेका छन् ।

***चन्दलाई.....*** निर्णय गरिएको प्रतिष्ठानका सदस्य-सचिव कृसु क्षेत्रीले बताए । १९९७ सालमा बैतडीमा जन्मिएका वरिष्ठ साहित्यकार चन्द पूर्वप्रधानमन्त्री पनि हुन्। चन्दका 'विसर्जन', 'हिउँको तन्ना', 'बाह्रौं खेलाडी', 'अपराजिता' र 'नेताका साथी'लगायत कृति प्रकाशित छन् । यसैगरी, प्रतिष्ठानको बैठकले यस वर्षको मानश्री पुरस्कार स्वामी आनन्द अरुणलाई प्रदान गर्ने निर्णय गरेको छ । नेपाल तथा विश्वका विभिन्न मुलुकमा योग, ध्यान र आध्यात्मिक दर्शन तथा साहित्यको विकास र विस्तारद्वारा नेपाली वाङ्मय तथा सभ्यताको उन्नयनमा महत्त्वपूर्ण योगदान दिएकाले स्वामी आनन्द अरुणलाई पुरस्कार प्रदान गर्ने निर्णय गरिएको प्रतिष्ठानका सदस्य-सचिव क्षेत्रीले बताए ।

***विद्यार्थी........*** पालना गर्ने बताउँदै ढुक्क भएर जिम्मेवारी पूरा गर्न उपकुलपतिहरूलाई आग्रह गरे । साथै, प्रधानमन्त्री शाहले शैक्षिक क्यालेन्डरको पूर्ण पालना गर्न र परीक्षाको नतिजा एक महिनाभित्रै प्रकाशन गर्नसमेत कडा निर्देशन दिएका छन् ।

यसैगरी शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले पनि राजनीतिक दलसँग आबद्ध संगठनहरू खारेज गर्न मन्त्रालयले निर्देशन दिइसकेकाले त्यसलाई कार्यान्वयन गर्न ऐनले नरोक्ने बताए । छलफलमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा।डा। दीपक अर्यालले ुजेन्जीु आन्दोलन र निर्वाचनपछि विद्यार्थी तथा कर्मचारी संगठनहरू क्रमशः निष्क्रिय बन्दै गएको जानकारी दिए ।

मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. ध्रुवकुमार गौतम, पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा।डा। विजुकुमार थपलिया र सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. हेमराज पन्तले केही आंगिक क्याम्पसहरूमा अझै पनि विद्यार्थी राजनीतिको तनाव कायमै रहेको बताए । अन्य विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिहरूले भने आफ्नो संस्थामा राजनीतिक गतिविधि न्यून रहेको र प्रशासन कडा भएमा शैक्षिक क्षेत्रमा राजनीति अन्त्य हुने विश्वास व्यक्त गरे ।

***सेवाभन्दा.....***

सुरुवाती चरणमा अस्पताललाई ८५ प्रतिशतसम्म सामान्य प्रसूति गराउने र बाँकी जटिल केसहरूलाई विशेषज्ञ सेवा दिने गरी विकास गर्ने योजना बनाइएको थियो त्यो काम नै अघि बढ्न सकेको छैन । स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर, आङ खस्ने समस्याको शल्यक्रिया, प्रसव, फिस्टुला, बाँझोपन जस्ता गम्भीर स्वास्थ्य समस्याहरूको सुलभ उपचार गरी महिलाहरूलाई राहत दिने उद्देश्यले विगतमा एकमुष्ट बजेट छुट्ट्याइएको थियो । तर मन्त्रालयको प्राथमिकतामा नपर्दा यो अस्पतालनै अलपत्र बनेको छ । विशेषज्ञ अस्पताल बनाउने बारेमा संघीय सरकारको मातहत हुने भएकोले यसलाई जनरल अस्पतालको रूपमा विकास गरेर जान सकिने मन्त्रालयको भनाई छ । मन्त्रालयका सचिव डा यदुचन्द्र घिमिरेले अस्पतालमा हाल ४२ जनाको अस्थायी दरबन्दी स्वीकृत भए तापनि प्रभावकारी सेवा सञ्चालनका लागि जनशक्ति अपुग रहेको बताए । बजेटका हकमा करिब ९ देखि १० करोड रुपैयाँ छुट्ट्याइएको भए पनि बजेट खर्च हुन सकेन ।

अहिले बिरामीको संख्या समेत घटेको छ । पहिला झन्डै एक सयको हाराहारीमा बिरामी ओपीडीका लागि आउने गरेकोमा अहिले यो संख्या घटेर करिब ५० को हाराहारीमा झरेको कर्मचारी प्रशासनले जनाएको छ । अस्पतालमा ओपीडी सेवा मात्रै सञ्चालनमा रहँदै आएको छ। बिहान ९-३ बजेसम्म ओपीडी सेवा सञ्चालन हुँदै आएको छ ।

## दाबी विरोध सम्बन्धी सूचना

**कोशी प्रदेश, मोरङ जिल्ला, उर्लाबारी नगरपालिका वडा नं.४ बस्ने इन्द्र बहादुर अधिकारीको छोरी, रेवत सुवेदीको पत्नि, सुस्मीता अधिकारीले हिमालायन बैंक लि. को दमक-२ शाखामा बचत खाता नं. ११०२१४७३५५००१५ खोली कारोवार गर्दै आउनु भएकोमा खाता संचालक सुस्मीता अधिकारीको मिति २०८२।११।०७ मा मृत्यु भएको र खातामा इच्छाएको व्यक्ति नभएकोले, खातामा रहेको रकम पाउं भनी मृतकको पति रेवत सुवेदीले आवश्यक कागजात संलग्न गरी बैंक समक्ष निवेदन दिनु भएकोले उक्त रकम उपर अन्य कसैको हकदावी छ भने यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र स-प्रमाण दावी गर्न आउनु होला । अन्यथा मागबमोजिम खाताको रकम भुक्तानी गरिने व्यहोरा सूचित गरिन्छ ।**

HBL Himalayan Bank Ltd.

**हिमालयन बैंक लिमिटेड**
**दमक शाखा**

## उर्लाबारी नगरपालिकाको सँधियारको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०७बस्ने देवमाया शाक्यको नाममा दर्ता कायम रहेको मधुमल्ला५/ज मा भएको कि.नं. ४१७ ज.वि. ०-०-१०-०मा बनेको घर अभिलेखिकरका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि १६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पूर्ब तर्फ सँधियार प्रेम कुमार पाण्डे दक्षिण तर्फ सँधियार गजेन्द्र राई उपस्थित नहुनु भएको हुदा उहाँहरुलाई उक्त स्थानमा घर अभिलेखिकरण गर्दा कुनै विरोध भएमा सो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सुचनामर्फत् जानकारी गराइन्छ अन्यथा निजको नाममा नियम अनुसार घर अभिलेखिकरण भइ जाने व्यहोरा जानकारी गराइन्छ।

## अन्तर्राष्ट्रिय

# एक हजार घर जले

**एजेन्सी**/ मलेसियाको सबाह राज्यको सान्दाकान जिल्लामा भएको आगलागीमा झण्डै १ हजार घर पूर्ण रुपमा नष्ट भएका छन् भने ९ हजारभन्दा बढी मानिस प्रभावित भएका छन् । आगलागी स्थानीय समयअनुसार आईतबार राति झण्डै साढे १ बजे शुरू भएको थियो ।

तीव्र हावा र घरहरु एकआपसमा निकै नजिक भएकाले आगो छिटो फैलिएको रोयटर्सले जनाएको छ । आगलागी सबाहका 'वाटर भिलेज' अर्थात पानीमाथि खम्बामा बनाइएका काठका घरहरु भएको बस्तीबाट सल्किएको हो । त्यहाँ मुख्यतः गरिब, आदिवासी तथा राज्यविहीन समुदायका मानिसहरु बसोबास गर्दै आएका छन् । स्थानीय प्रहरीका अनुसार घटनामा कुनै मानवीय क्षति भएको छैन, तर हजारौं मानिस विस्थापित भएका छन् । मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले पीडितहरुको सुरक्षालाई पहिलो प्राथमिकता दिइएको भन्दै संघीय सरकार र सबाह राज्य सरकार मिलेर राहत तथा अस्थायी बसोबासको व्यवस्था गरिरहेको बताएका छन् ।

# चारआलीमा साझेदारीमा कृषि मण्डी

**विर्तामोड**/ मेचीनगर नगरपालिका र मेची उद्योग वाणिज्य संघको सहलगानीमा पीपीपी मोडल (सार्वजनिक-निजी साझेदारी कार्यक्रम)मा चारआलीमा आधुनिक कृषि मण्डी निर्माण हुने भएको छ । मेचीनगर-१३ स्थित चारआली चौकदेखि दक्षिण भद्रपुर रोड जाने सडकको पुरानो आइतबारे हटियाको १६ कट्ठा १४ धुर जग्गामा कृषि मण्डी निर्माण गरिने भएको हो ।

मण्डी निर्माणका लागि नगरपालिका र संघबीच सम्झौता भएको छ । सम्झौता पत्रमा नगरप्रमुख गोपालचन्द्र बुढाथोकी, प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारी, वरिष्ठ प्रशासकीय अधिकृत अनन्तप्रकाश वस्ती, १३ नम्बर वडाका वडाध्यक्ष कृष्णराज सिग्देल तथा मेची उद्योग बाणिज्य संघका तर्फबाट अध्यक्ष खेमराज प्रसाईं, कार्यकारी निर्देशक गोपाल वस्नेतको हस्ताक्षर रहेको छ ।

सम्झौतामा सार्वजनिक-निजी साझेदारी कार्यक्रम अन्तर्गत मण्डीको निर्माण र सञ्चालन गरिने उल्लेख छ । संघले सब्जी मण्डी निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वार्षिक रु. छ लाख ३५ हजार लगानी गर्नेछ भने मेचीनगर नगरपालिकाले नगरपालिकाले जग्गा सम्याउने, कल्भर्ट बनाउने, विद्युत र खानेपानी सुविधा पुर्याउने र सीसी क्यामेरा जडान गर्नेछ । सहमति अनुसार संघले टहरा र पार्किङ निर्माण गर्नु पर्नेछ । मण्डीमा २५ वटा कोठा रहने छन् । जसको निर्माण कार्य समेत सुरु भइसकेको छ । फलामका पोल लगाएर टहरा बनाउने, माटो सम्याउने, नाला, कल्भर्ट, स्ल्याब, सोलिङ लगायतका निर्माण कार्य भइरहेको वडाध्यक्ष कृष्णराज सिग्देलले जानकारी दिए ।

***ओह्रालो.......*** म्याक्रो प्रमुख इल्या स्पिभाकले बताएका छन् ।

पछिल्लो समय बजारले आशा गरेको युद्धविराम कमजोर बन्दै जाँदा व्यापार युद्ध पुनः सक्रिय भएको र यसको असरले कच्चा तेलको मूल्य बढाएर मुद्रास्फीति सम्बन्धी चिन्ता फेरि बढाएको बताइएको छ । यसैबिच स्ट्रेट अफ होर्मुज पुनः बन्द भएपछि तेलको मूल्य उकालो लागेको छ । यो मार्ग बन्द हुँदा विश्वव्यापी आपूर्ति प्रभावित हुने भएकाले बजारमा अस्थिरता बढेको हो । अमेरिकी नौसेनाले इरानी कार्गो जहाज कब्जा गरेपछि तनाव अझ बढेको छ । इरानले त्यसको प्रतिकार गर्ने चेतावनी दिएको छ र दोस्रो चरणको वार्तामा सहभागी नहुने सङ्केत गरेको छ ।

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।



Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

ठुलो ट्याङ्कीमा
कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०



## खेलकुद

# झापालाई दोश्रो पटक बिराट गोल्डकपको उपाधी

**बिराटनगर**/ झापा एघारले विराटनगरमा सम्पन्न नोबेल मेडिकल कलेज विराट गोल्डकपको ३८ औं संस्करण जितेको छ । आइतबार विराटनगरको सहिद मैदानमा सम्पन्न उपाधि भिडन्तमा झापा एघारले पहिलोपटक गोल्डकपमा सहभागिता जनाएको विराटनगरको सम्राट स्पोर्टिंग क्लबलाई २-१ गोल अन्तरले पराजित गर्दै दोस्रोपटक उपाधि हात पारेको हो ।

झापा एघारले यसअघि, २०७१ सालमा त्रिभुवन आर्मी क्लबलाई पराजित गर्दै पहिलोपटक उपाधि चुमेको थियो । उपाधि हात पारेको झापाले ११ लाख रूपैया जितेको हो । त्यसैगरि, उपविजेतामा सीमित बनेको सम्राटले ५ लाख रूपैया चित्तबुझाएको छ । तामाङको सो गोललेपनि सम्राटको हारलाई टार्न सकेन। यससंगै फाइलनमा उत्कृष्ठ खेलेका झापाका राजेश दाहाल प्लेयर अफ दि म्याच भए । त्यसैगरि समग्र गोल्डकपमा उत्कृष्ठ गोलरक्षकमा झापा एघारका विशाल सुनार, सर्वाधिक गोलकर्तामा झापा एघारकै फागुराम थारू र उत्कृष्ठ प्रशिक्षकमा झापाका सन्तोष बस्नेत घोषित भए। त्यसैगरि, ५१ हजार रूपैयाको सर्वोत्कृष्ठ खेलाडीमा सम्राट स्पोर्टिंग क्लबका कप्तान अशोक खवास चुनिए ।

विजयी खेलाडीहरूलाई आयोजक विराट गोल्डकप फुटबल ट्रष्टका अध्यक्ष किशोरबहादुर शाही, विराटनगरका मेयर नागेश कोइराला, प्रदेशका वन पर्यटन तथा वातावरण मन्त्री भीम पराजुली र कोशी प्रदेशका सभामुख अम्बरबहादुर विष्टले पुरस्कार वितरण गरेका थिए। चैत २८ गतेदेखि सुरू भएको गोल्डकामा भारतको एक टोलीसहित आठ वटा क्लबको सहभागिता थियो ।

***प्रशोधन....*** सुनचाँदी व्यवस्थापन उपसमितिका संयोजक चेतराज घिमिरेले ६७ तोला प्रशोधनपछि ५० तोला ८५ लाल बराबरको २४ क्यारेट (एक नम्बर) सुन प्राप्त भएको बताए। त्यस्तै, ४३ किलोग्राम चाँदी प्रशोधन गर्दा दुई हजार ५४ तोला ३५ लाल बराबरको शुद्ध चाँदी निस्केको छ । भण्डारणमा रहेका सुनचाँदी लिलामीका लागि नयाँ कार्यविधि तयार गरी यथाशीघ्र बिक्री प्रक्रिया अघि बढाउने तयारी भइरहेको कार्यकारी निर्देशक प्रजिन हाङबाङले बताए ।

***कांग्रेसद्वारा....*** कार्यसमितिको अघिल्लो बैठकबाटै मन्त्रीहरूको सम्पत्तिको स्रोत सम्बन्धमा सार्वजनिक रूपमा उठेका प्रश्नहरूलाई गम्भीरतापूर्वक लिनुपर्ने स्पष्ट निर्णय गरिसकेको जानकारी समेत गराएका छन् ।

# रास्वपाको सचिवालय विस्तार

**दमक**/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को सचिवालय विस्तार गरिएको छ । सभापति रवि लामिछानेको प्रस्तावमा सोमबार बसेको केन्द्रीय समिति बैठकमा दुई जना सदस्य थप गरिएको हो । यो सँगै रास्वपाको सचिवालय संख्या १६ पुगेको छ । यसअघि रास्वपा सचिवालयमा १४ जना सदस्य थिए ।

प्रवक्ता मनिष झाका अनुसार, सोमबार सागर ढकाल र श्री ज्ञवालीलाई सचिवालयमा राख्ने प्रस्ताव सभापति रवि लामिछानेले गरेका थिए । उक्त प्रस्ताव बैठकबाट पारित भएको प्रवक्ता झाले जानकारी दिए । रास्वापाको सचिवालयमा अब रवि लामिछाने- सभापति, स्वर्णिम वाग्ले- उप सभापति, कविन्द्र बुर्लाकोटी र भूपदेव साह महामन्त्री, विपिन आचार्य सहमहामन्त्री, लिमा अधिकारी कोषाध्यक्ष, वसु माया तामाङ सहकोषाध्यक्ष्य र मनिष झा प्रवक्ता रहेका छन् । यस्तै सचिवालय सदस्यहरुमा गणेश पराजुली, दिपक बोहरा, बिराज भक्त श्रेष्ठ, शिशिर खनाल, सोबिता गौतम, हरि ढकाल, सागर ढकाल र सरिता श्री ज्ञवाली सदस्यको रुपमा रहेका छन् ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

## दाबी विरोध सम्बन्धी सूचना

**कोशी प्रदेश, संखुवासभा जिल्ला, मादी नगरपालिका वडा नं.०४ बस्ने नन्दी केशर काफ्ले को नाति, खुशी प्रसाद काफ्लेको छोरा प्रमोद काफ्लेले हिमालयन बैंकको मादी शाखामा बचत खाता ०६०२१४३३९००१३ खोली कारोवार गर्दै आउनु भएकोमा खाता संचालक प्रमोद काफ्लेको मिति २०८२।०९।०४ मा मृत्यु भएको र खातामा इच्छाएको व्यक्ति नभएकोले, खातामा रहेको रकम पाउं भनी मृतकको बाबु खुशी प्रसाद काफ्लेले आवश्यक कागजात संलग्न गरी बैंक समक्ष निवेदन दिनु भएकोले उक्त रकम उपर अन्य कसैको हकदावी छ भने यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र स-प्रमाण दावी गर्न आउनु होला । अन्यथा मागबमोजिम खाताको रकम भुक्तानी गरिने व्यहोरा सूचित गरि न्छ।**

HBL Himalayan Bank Ltd.

**हिमालयन बैंक लिमिटेड**
**संखुवासभा शाखा**

## मालपोत कार्यालय दमक झापाको ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना

जिल्ला झापा गौरीगञ्ज गाउँपालिका वडा नं. ०३ बस्ने पोकालालको नाति उगनलाल हलुवाईको छोरा ना.प्र.नं. ३४१७१९२१ मिति २०५९।०९।२३ झापाको असोक प्रसाद दासले निजको नामथर अशोक कुमार दास हलुवाईको नाममा दर्ता श्रेस्ता कायम रहेको तपशिलमा उल्लेखित जग्गाको ज.ध. श्रेस्ता पूर्जामा बाबु बाजेको नामथर र आफ्नो नागरिकता प्रमाणपत्र नं. कायम नभएकोले बाबु उगनलाल हलुवाई, बाजे पोकालाल र ना.प्र.नं. ३४१७१९२१ मिति २०५९।०९।२३ झापा कायम गरी ज.ध. श्रेस्ता पूर्जामा फोटोसमेत टाँस गरी नागरिकता प्रमाणपत्र अनुसार आफ्नो नामथर असोक प्रसाद दास कायम गरी पाऊँ भनी गौरीगञ्ज गाउँपालिका ३ नं. वडा कार्यालय झापाको च.नं. ११३१ मिति २०८२।१२।२४ को सिफारिस पत्र साथ सर्जमिन मुचुल्का, नेपाली नागरिकता प्रमाणपत्र, चालु आ.व. को मालपोत तिरेको रसिद साथ द.नं. १५१९३ मिति २०८२।१२।१२ मा निवेदन पेश गरेकोमा हकदावी सम्वन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गर्ने मिति २०८३।०१।०७मा आदेश भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । निवेदकको माग दावी बमोजिम निज अशोक कुमार दास हलुवाईको नाममा दर्ता श्रेस्ता कायम रहेको तपशिलमा उल्लेखित जग्गाको ज.ध. श्रेस्ता पूर्जामा निजको बाबु उगनलाल हलुवाई, बाजे पोकालाल र निजको नामथर अशोक कुमार दास हलुवाईलाई संशोधन गरी असोक प्रसाद दास कायम गरी निजको नागरिकता प्रमाणपत्र नं. कायम र ज.ध. श्रेस्ता पूर्जामा फोटो टाँस गर्दा कोहि कसैको हकहिस्सा वा स्वामित्वमा असर पर्न जाने भएमा यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिन भित्र आफ्नो सबुत प्रमाण सहित हकदावी गर्न यस कार्यालयमा आउनु होला । अन्यथा कानून बमोजिम भई जाने छ । पछि कुनै प्रकारको उजूर बाजूर लाग्ने छैन ।

| जग्गा धनिको नाम, थर | गा.वि.स/न.पा. | वडा नं. सि.नं. | कि.नं. | क्षेत्रफल व.मि. | संशोधन माग गर्नेको | कै |
|---|---|---|---|---|---|---|
| ज.ध. अशोक कुमार दास हलुवाई | कोरोवारी | ६ | ४<br>५ | ०-१४-५<br>०-१४-१५ | ज.ध. असोक प्रसाद दास<br>बाबु: उगनलाल हलुवाई<br>बाजे: पोकालाल<br>ना.प्र.नं. ३४१७१९२१<br>मिति २०५९।०९।२३ झापा | |

*इति सम्वत् २०८३ साल बैशाख ०७ गते रोज ०२ शुभम् ।*

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल